मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.
MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.

# १२औं

# वार्षिक प्रतिवेदन

आ. व. २०८०/०८१

# सञ्चालक समिति



**श्री कल्याण विक्रम पाँडे**
अध्यक्ष
(प्रतिनिधि, ग्लोबल आईएमई बैंक लि.)



**श्री नेपाल भुषण श्रेष्ठ**
सञ्चालक
(प्रतिनिधि, प्राइम कमर्सियल बैंक लि.)



**श्री सुमन मुलेपती**
सञ्चालक
(प्रतिनिधि, सिटिजन्स बैंक इन्टरनेशनल लि.)



**श्री सजना मानन्धर**
सञ्चालक
(प्रतिनिधि, कुमारी बैंक लि.)



**श्री बद्री प्रसाद पुडासैनी**
सञ्चालक
प्रतिनिधि, सर्वसाधारण



**श्री ज्ञानु कृष्ण अधिकारी**
सञ्चालक
प्रतिनिधि, सर्वसाधारण



**श्री आयुष ओझा**
स्वतन्त्र सञ्चालक



**श्री रामहरि दाहाल**
कम्पनी सचिव
तथा
प्रमुख कार्यकारी अधिकृत

# साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्ने निवेदन

## (प्रोक्सी फारम)

मिति : ................................

श्री सञ्चालक समिति,
मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
केन्द्रीय कार्यालय विदुर–४, बट्टार, नुवाकोट ।

विषय : प्रतिनिधि नियुक्त गरेको ।

महाशय,

........................ जिल्ला .................................................. म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. वडा नं ................ बस्ने म/हामी ...................................................................... ले त्यस संस्थाको सेयरवालाको हैसियतले २०८१ साल माघ महिना ०४ गते शुक्रवारका दिन हुने बाह्रौँ वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ......................... जिल्ला ........................ म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. वडा नं. ........... बस्ने त्यस वित्तीय संस्थाका सेयरवाला श्री ................................ ............................... सेयरधनी नं. ............................./हितग्राही खाता नं.............................................. लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौँ ।

निवेदक :

दस्तखत :

नाम : ठेगाना :

सेयरधनी नं. हितग्राही खाता नं.

जम्मा कित्ता :

**द्रष्टव्य** : यो निवेदन साधारण सभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै यस संस्थाको केन्द्रीय कार्यालयमा प्रोक्सी फाराम दर्ता गरिसक्नु पर्नेछ।

---

**मेरोमाइक्रोफाइनान्स** लघुवित्त वित्तीय संस्था लि.
**MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.**
केन्द्रीय कार्यालयः विदुर–४, बट्टार, नुवाकोट
बाह्रौँ वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको

## प्रवेशपत्र

सेयरधनीको नाम : ................................................................. हितग्राही खाता नं......................................

सेयरधनीको सहीः .................................. सेयर संख्या : ........................ सेयरधनी नं. ..............................

द्रष्टव्यः सेयरधनी आफैँले सम्पूर्ण खाली ठाउँहरू भर्नुहोला । सभा कक्षमा प्रवेश गर्न यो प्रवेशपत्र अनिवार्य हुनेछ ।

.........................
कम्पनी सचिव

धितोपत्र दर्ता निष्कासन नियमावली, २०७३ (नियम २६ को उप नियम (२) सँग सम्बन्धित)

# वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने विवरण

**१. सञ्चालक समितिको प्रतिवेदन**

यसै वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ।

**२. लेखापरीक्षकको प्रतिवेदन**

यसै वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ।

**३. लेखापरीक्षण भएको वित्तीय विवरण ।**

यसै वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ।

**४. कानुनी कारबाही सम्बन्धी विवरण ।**

(क) यो अवधिमा यस संस्थाले वा यस संस्थाको विरुद्ध कुनै मुद्दा दायर नभएको।

(ख) यो अवधिमा यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थाको वा सञ्चालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै पनि मुद्दा दायर भएको जानकारी यस संस्थालाई नभएको।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै पनि मुद्दा दायर भएको यस संस्थालाई जानकारीमा नआएको।

**५. संगठित संस्थाको सेयर कारोबार तथा प्रगतिको विश्लेषण ।**

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको सेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा : देशको धितोपत्र बजारमा संगठित संस्थाहरुको सेयर कारोबारमा हाल देखिएको उतार चढावको अवस्थामा पनि यस संस्थाको सेयर कारोबार सन्तोषजनक रहेको छ।

(ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको सेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार सेयर संख्या र कारोबार दिन सम्बन्धमा : यस अवधिको सेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्याको विवरण देहायबमोजिम रहेको छ।

| विवरण | २०८० आश्विन मसान्त | २०८० पौष मसान्त | २०८० चैत्र मसान्त | २०८१ असार मसान्त |
|---|---|---|---|---|
| अधिकतम मूल्य (रु.) | ७००/- | ६४२/- | ६७१/- | ७४८/- |
| न्यूनतम मूल्य (रु.) | ५०३/२० | ४६३/३० | ५१२/- | ६०२/- |
| अन्तिम मूल्य (रु.) | ५११/५० | ५९५/८० | ६१७/- | ७००/- |
| कुल कारोबार सेयर संख्या | १७७५५९ | २४५८१८ | ४८५३५१ | १९१७४४६ |
| **कुल कारोबार दिन** | **६१** | **४९** | **५८** | **६१** |

**६. समस्या तथा चुनौती**

अध्यक्षबाट प्रस्तुत प्रतिवेदनमा समावेश रहेको छ।

**७. संस्थागत सुशासन**

अध्यक्षबाट प्रस्तुत प्रतिवेदनमा समावेश रहेको छ।

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.
MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
**Head Office:** Battar, Nuwakot, **Tel:** 977-10-561747
**Liaison Office:** Sitapaila, Kathmandu, **Tel:** 977-1-5315936/37
**E-mail:** meromicrofinance@gmail.com

# बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०९/०८, कारोबार दैनिक)**

**सेयरधनी महानुभावहरू,**

मिति २०८१ साल पौष ०७ गते बसेको सञ्चालक समितिको १६६ औं बैठकको निर्णय अनुसार यस मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको बाह्रौं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न बिषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण सेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि कम्पनी ऐन, २०६३ संशोधन समेतको दफा ६७(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय :**

**सभा हुने मिति** : २०८१ साल माघ ४ गते, शुक्रवार।

**स्थान** : सिद्धार्थ होटल वाटर टावर, विदुर -४, बट्टार, नुवाकोटको सभाकक्ष।

**समय** : बिहान ११:३० बजे।

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्तावहरू**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा मिति २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४. सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ०.३९४७ प्रतिशतले हुन आउने नगद लाभांश रू. ५२,१०,५२६/३२ (अक्षरेपी बाउन्न लाख दश हजार पाँच सय छब्बीस र पैसा बत्तिस मात्र), बोनस सेयरको कर प्रयोजनका लागि दिने प्रस्तावमाथि छलफल गरी पारित गर्ने।

५. सर्वसाधारण सेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ जना सञ्चालकको निर्वाचन गर्ने।

**(ख) विशेष प्रस्तावहरू**

१. सञ्चालक समितिबाट पारित भएबमोजिम २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ७.५ प्रतिशतले हुन आउने रकम रू. ९,९०,००,०००/- (अक्षरेपी नौ करोड नब्बे लाख मात्र) बराबरको बोनस सेयर जारी गर्ने।

२. बोनश सेयर वितरणपश्चात कायम रहने पूँजी संरचना संस्थापक सेयरधनीकोतर्फबाट ५९.४० प्रतिशत र सर्वसाधारण सेयरधनीकोतर्फबाट ४०.६० प्रतिशत रहेकोमा सो सेयर स्वामित्व परिवर्तन गरी संस्थापक सेयरधनीकोतर्फबाट ५१ प्रतिशत र सर्वसाधारण सेयरधनीकोतर्फबाट ४९ प्रतिशत कायम गर्ने।

३. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ (ख), (ग), (ङ) र (च) मा र नियमावलीको दफा २७ (२) आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्तावमा छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोहीबमोजिम गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**

(कम्पनी सचिव)

## बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीः

१. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०८१ पौष १९ गतेका दिन यस संस्थाको सेयरधनी दर्ता किताब बन्द रहनेछ र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१ पौष १८ गतेसम्म कारोबार भई ५ कार्य दिनभित्र यस संस्थाको सेयर रजिष्ट्रार ग्लोबल आईएमई क्यापिटल लि., नक्साल, काठमाडौँमा प्राप्त सेयर नामसारीको लिखतका आधारमा सेयरधनी दर्ता किताबमा कायम सेयरधनीहरूले मात्र यस सभामा भाग लिन पाउनेछन् ।

२. यस वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि संस्थाको नियमावलीमा उल्लेख भएअनुसारको न्यूनतम १०० कित्ता सेयर धारण गरेको हुनुपर्नेछ। सर्वसाधारण सेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ जना सञ्चालकको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले सम्पर्क कार्यालयमा प्रकाशित गरेबमोजिम हुनेछ।

३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक सेयरधनी महानुभावहरूले सेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तैः नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ। हाजिरी पुस्तिका बिहान ८:०० बजेदेखि सभा चालु रहुन्जेलसम्म खुल्ला रहनेछ।

४. वार्षिक साधारण सभाको सूचना, वार्षिक प्रतिवेदन सम्बन्धी विवरण, प्रोक्सी तथा कागजातहरू सबै सेयरधनी महानुभावहरूको लागि यस संस्थाको वेवसाइट www.meromicrofinance.com बाट हेर्न र प्राप्त गर्न सकिनेछ।

५. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने सेयरधनी महानुभावहरूले सभा शुरु हुने समयभन्दा कम्तीमा ४८ घण्टा अगावै संस्थाको केन्द्रीय/सम्पर्क कार्यालयमा प्रोक्सी फाराम दर्ता गरिसक्नुपर्नेछ। सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकर्रर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र संस्थाको केन्द्रीय/सम्पर्क कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। प्रतिनिधि नियुक्त गरिने व्यक्ति पनि यस संस्थाको सेयरधनी हुनु आवश्यक छ, संगठित संस्थाको हकमा सो व्यवस्था लागू हुने छैन। प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिकतम हद वा सीमा त्यस्तो सेयरधनीले लिन पाउने वित्तीय संस्थाको अधिकतम सेयर हिस्साको मतदान सीमाभन्दा बढी हुने छैन।

६. नाबालक सेयरधनीकोतर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न, र मतदान गर्न समेत सक्नेछन तर सेयरवालाको दर्ता किताबमा संरक्षकको रूपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।

७. संयुक्त रूपमा सेयर खरीद गरिएको अवस्थामा सेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउनेछन् ।

८. छलफलको विषयमध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक सेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै सो विषय कम्पनी सचिवमार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनुहुन अनुरोध छ।

९. अन्य जानकारीको लागि यस संस्थाको केन्द्रीय कार्यालय वा सम्पर्क कार्यालय, सीतापाईला, काठमाडौँमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**सम्पर्क नं.: ९७७-१०-५६१७४७, ९७७-०१-५३१५९३६/३७**

# विषय-सूची


| क्र.सं. | | पेज नं. |
|---|---|---|
| १. | परिचय | १-४ |
| २. | सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन | ५-६ |
| ३. | प्रमुख कार्यकारी अधिकृतज्यूको मन्तव्य | ७-८ |
| ४. | सञ्चालक समितिको प्रतिवेदन | ९-१४ |
| ५. | कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरण | १५-१७ |
| ६. | लेखापरीक्षकको प्रतिवेदन | १८-२१ |
| ७. | Financial Statement as per NFRS | २२-७५ |
| ८. | Unaudited Financial Results (Quarterly) | ७६-८२ |
| ९. | कार्यालयहरुको विवरण (२०८० आषाढ मसान्तसम्मको) | ८३-८४ |
| १०. | केही प्रेरणादायी सफलताका कथाहरु | ८५-९३ |
| ११. | संस्थाको प्रबन्ध-पत्रमा गरिएको प्रस्तावित संशोधनको तीन महले | ९४-९५ |
| १२. | नेपाल राष्ट्र बैंकको पत्र | ९६ |
| १३. | नेपाल राष्ट्र बैंकको निर्देशन उपर व्यवस्थापनको जवाफ | ९७ |
| १४. | महत्त्वपूर्ण टिपोट | ९७-९८ |

# परिचय

## पृष्ठभूमि

गरिब, विपन्न, पिछडिएका तथा राज्यको मूलधारमा नसमेटिएका समुदाय तथा परिवारको आर्थिक, सामाजिक तथा चेतनास्तर उकास्दै गरिबी न्यूनीकरण गर्ने लक्ष्य र उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी/अर्धशहरी क्षेत्रमा सम्भाव्य उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, बिस्तार एवं प्रवर्द्धन गर्ने कार्यका लागि सर्वसाधारणलाई गुणस्तरीय वित्तीय तथा भरपर्दो लघुवित्त सेवा उपलब्ध गराउनुका साथै आवश्यक पर्ने साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणको कार्यमा सहयोग पुऱ्याउने उद्देश्य लिएर मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. को स्थापना वि.सं. २०६९ कार्तिक २६ गते भएको हो। यो संस्था नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्था हो। यसको अधिकृत पूँजी २ अर्व, जारी तथा चुक्ता पूँजी १ अर्ब ३२ करोड रहेको छ। यसको प्रवर्द्धक ७ वटा वाणिज्य बैंकहरु र १ विकास  बैंक गरी ८  बैंक तथा वित्तीय संस्थाहरु रहेका छन्।

### (क) कानुनी मान्यता

यस वित्तीय संस्था नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति वि.सं. २०६९ कार्तिक २६ गते पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता (दर्ता नं १०७२१४) भएको र नेपाल राष्ट्र बैंकबाट मिति २०७० आषाढ ३० गते वित्तीय कारोबार गर्ने स्वीकृति प्राप्त गरेपश्चात् नुवाकोट जिल्ला स्थित बट्टार शाखाबाट मिति २०७० श्रावण ३ गतेदेखि वित्तीय कारोबार प्रारम्भ गरेको हो।

### (ख) बैंकको कार्यक्षेत्र

यस संस्थाको कार्यक्षेत्र नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म ७७ वटै जिल्ला रहेको छ। यस संस्थाको केन्द्रीय कार्यालय नुवाकोट जिल्लाको बट्टार बजारमा रहेको छ।

### (ग) दूरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य र मूल्य एवं मान्यता

#### (अ) दूरदृष्टिः

सबैलाई गुणस्तरीय र भरपर्दो (दीगो) वित्तीय सेवा दिँदै नेपालको एक उत्कृष्ट लघुवित्त कम्पनी हुने दूरदृष्टि रहेको छ।

#### (आ) ध्येयः

ग्रामीण तथा शहरी विपन्न परिवारका लागि सहज तथा उत्तरदायी वित्तीय पहुँच सहितको वित्तीय सेवा प्रदान गर्दै उनीहरुको सामाजिक-आर्थिकस्तर उकास्नु नै मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको ध्येय रहेको छ।

#### (इ) उद्देश्यहरूः

ग्रामीण तथा शहरी निम्न आय भएका वर्गलाई विविध वित्तीय सेवाको माध्यमबाट उनीहरुको जीवनस्तर उकास्नु तथा गरिबी न्यूनीकरण गर्नु नै मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको उद्देश्य रहेको छ। समग्र उद्देश्यको यही सेरोफेरोमा यस वित्तीय संस्थाको निम्नलिखित उद्देश्यहरु निश्चित गरिएको छ।

- सदस्यहरुलाई आर्थिक गतिविधि सञ्चालन गर्न गुणस्तरीय र भरपर्दो वित्तीय सेवा प्रदान गर्ने,
- स्थानीय निकायहरुमा वित्तीय पहुँच पुऱ्याई क्रमशः कारोबार वृद्धि गर्दै जाने,
- स्थानीय आवश्यकताका आधारमा वित्तीय सुविधा प्रदान गरी रोजगारी सिर्जना गर्ने,
- स्रोत साधन संकलन तथा परिचालनका स्थानीय सम्भावनाहरु पहिचान गर्ने,

- गुणस्तर कायम गरी वित्तीय लाभसमेत हासिल गर्दै कार्यक्रमलाई दीगो बनाउने (आदि)।

### (घ) कार्यपद्धति तथा ग्राहक सदस्यहरू:

कार्यक्षेत्रमा स्थायी बसोबास गरेका नेपाली नागरिकमध्ये विपन्न वर्गका व्यक्ति आयमूलक कार्यमा सक्रिय रुपले भाग लिन इच्छुक एक परिवारबाट एक जना महिला मुख्यतः यस वित्तीय संस्थाको सदस्य बन्न सक्दछन्। सदस्य बनाउनुअघि ३ देखि ५ दिनसम्मको अनिवार्य समूह तालिम दिइ संस्थाको नीति-नियम र कार्यविधि एवं प्रक्रियाबारे जानकारी गराइन्छ। दुई वा सोभन्दा बढी समूह गठन भएपश्चात् केन्द्र गठन गरी लघुवित्त कार्यक्रमको शुरुवात विधिवत रुपमा गरिन्छ। केन्द्र नै कार्यक्रम सञ्चालन गरिने थलो हो। केन्द्रको बैठक सामान्यतः मासिक रुपमा सञ्चालन गरिन्छ।

### (ङ) प्रशासनिक व्यवस्थापन

सञ्चालक समितिले वित्तीय संस्थाका उच्च पदस्थ कर्मचारीहरूलाई वित्तीय संस्था सञ्चालनमा आवश्यक पर्ने नीति निर्माणमा सुझाव दिने कार्य गर्दछ। प्रमुख कार्यकारी अधिकृतले वित्तीय संस्थाको दैनिक कार्य सञ्चालनलाई चुस्त दुरुस्त बनाउने जिम्मेवारी बहन गर्ने व्यवस्था रहेको छ। प्रमुख कार्यकारी अधिकृतको मातहतमा नायव प्रमुख कार्यकारी अधिकृत र निम्न विभागहरु रहेका छन्:

(१) जनशक्ति तथा प्रशासन विभाग

(२) वित्त विभाग

(३) कर्जा विभाग

(४) सूचना तथा प्रविधि विभाग

(५) अनुगमन तथा सुपरिवेक्षण विभाग

(६) जोखिम तथा असुली विभाग

फिल्डस्तरको कार्य सञ्चालन, सुपरिवेक्षण तथा निरीक्षणको लागि शाखा कार्यालयको व्यवस्थापन गरिएको छ। आन्तरिक नियन्त्रण प्रणालीका लागि बाह्य स्रोतबाट आन्तरिक लेखापरीक्षण गराउने व्यवस्था रहेको, अनुगमन कार्यलाई अझ प्रभावकारी बनाउनका लागि प्रदेश कार्यालयको संरचना विकास गरी ४ जना उच्चतहका कर्मचारीहरुलाई कार्यक्रमको आकार हेरी ७ वटै प्रदेशको जिम्मेवारी दिइएको छ। प्रदेश कार्यालयहरु अन्तर्गत हाल १९ वटा अनुगमन स्टेशनहरुमा अनुगमन अधिकृतको व्यवस्था गरी नियमित तथा आकस्मिक साथै अन्य विभागहरुबाट पनि समय समयमा निरीक्षणको व्यवस्था गरिएको छ।

### (च) लगानीका मुख्य स्रोतहरू:

- सेयर पूँजी र सञ्चित मुनाफा
- विभिन्न कुल तथा वित्तीय संस्थाबाट प्राप्त लघुवित्त थोक कर्जा
- सदस्यहरुबाट संकलित बचत रकम

## पूँजीगत संरचना तथा संस्थापकहरू

यस वित्तीय संस्थामा संस्थागत संस्थापकहरु र सर्वसाधारण सेयरधनीहरु रहेका छन्। सेयर स्वामित्व संरचना निम्नबमोजिम रहेको छ।

| क्र. सं. | नाम | सेयरधनी | सेयर स्वामित्व |
|---|---|---|---|
| १ | ग्लोबल आइएमई बैंक लि. | संस्थापक | ११.९८ प्रतिशत |
| २ | लुम्बिनी विकास बैंक लि. | संस्थापक | ७ प्रतिशत |
| ३ | कुमारी बैंक लि. | संस्थापक | ७ प्रतिशत |
| ४ | प्राइम कमर्सियल बैंक लि. | संस्थापक | ७ प्रतिशत |

| | | | |
|---|---|---|---|
| ५ | सिटिजन्स बैंक इन्टरनेसनल लि. | संस्थापक | ६.९ प्रतिशत |
| ६ | प्रभु बैंक लि. | संस्थापक | ५.९९ प्रतिशत |
| ७ | सिद्धार्थ बैंक लि. | संस्थापक | ५.९ प्रतिशत |
| ८ | एनएमबि बैंक लि. | संस्थापक | ४.१७ प्रतिशत |
| ९ | अन्य संस्थापक सेयरधनीहरु | संस्थापक | ३.४६ प्रतिशत |
| १० | सर्वसाधारण सेयरधनीहरु | सर्वसाधारण | ४०.६ प्रतिशत |
| **कुल** | | | १०० प्रतिशत |

## संस्थाबाट प्रदान गरिने सेवासम्बन्धी विवरण

### १. बचतका किसिमहरु

| क्र.सं. | बचतका किसिमहरु | मासिक न्यूनतम (रु.) | वार्षिक ब्याजदर |
|---|---|---|---|
| १ | गृहणी पेवा बचत | १००/- | ७.५% |
| २ | मासिक क्रियाशील बचत | १००/- | ७.५% |
| ३ | आपतकालिन बचत | - | ७.५% |
| ४ | केन्द्र बचत | - | ७.५% |
| ५ | सिर्जनशील बाल/युवा बचत | २०/- | ७.५% |
| ६ | मेरो बचत | १०० दैनिक/मासिक | ७.५% |
| ७ | व्यावसायिक बचत | १०० दैनिक/मासिक | ७.५% |

### २. कर्जाका किसिमहरु

#### (क) विनाधितो कर्जाका किसिमहरु

| क्र.सं. | कर्जाका किसिमहरु | अधिकतम कर्जा रकम | अधिकतम भुक्तानी अवधि | ब्याजदर |
|---|---|---|---|---|
| १ | साधारण कर्जा | ७ लाख | ७ वर्ष | १५% |
| २ | मौसमी कर्जा | ५० हजार | १ वर्ष | १५% |
| ३ | वैकल्पिक कर्जा | १.५ लाख | ३ वर्ष | १५% |
| ४ | विशेष कर्जा | ३० हजार | १ वर्ष | १५% |
| ५ | सामाजिक /पारिवारिक जमानी कर्जा | २५ हजार | २ वर्ष | १५% |
| ६ | मेरो कर्जा | ५ लाख | ५ वर्ष | १५% |
| ७ | सहुलियत कर्जा | ५० हजार | ५ वर्ष | १५% |

#### (ख) धितो कर्जाका किसिमहरु

| क्र.सं. | कर्जाका किसिमहरु | अधिकतम कर्जा रकम | अधिकतम भुक्तानी अवधि | ब्याजदर |
|---|---|---|---|---|
| १ | लघुउद्यम कर्जा | ७ लाख | ७ वर्ष | १५% |
| २ | वैदेशिक रोजगारी कर्जा | | | |
| ३ | शैक्षिक कर्जा | | | |
| ४ | घर निर्माण कर्जा | | | |
| ५ | आय आर्जन तथा स्वरोजगारमूलक कर्जा | | | |
| ६ | व्यावसायिक धितो कर्जा | | | |

**३. संस्थाले प्रदान गर्दै आएको ग्राहक संरक्षण कोषको व्यवस्थाः**

यस संस्थाले आफ्ना ग्राहकको सुरक्षणका लागि संस्थाको वार्षिक खुद मुनाफाको कम्तिमा १ प्रतिशत रकम छुट्याइ तपसिल बमोजिमका सेवा सुविधाहरु प्रदान गर्दै आइरहेको छ।

**यस संस्थाले ग्राहक संरक्षण कोषबाट प्रदान गर्दै आइरहेका सेवा सुविधाहरु**

- दैवी प्रकोपको कारणबाट सदस्यको परियोजना तथा आवासको पूर्ण क्षति भएमा सहयोग स्वरुप अधिकतम रु. ५,०००/-
- सुत्केरी हुँदा सुत्केरी तथा शिशु स्याहार खर्च रु. २,०००/-
- कम्तिमा १५ जना सक्रिय सदस्य रहेका केन्द्रको केन्द्र प्रमुखलाई सञ्चार खर्चवापत मासिक रु. ५०/-
- दुर्घटनामा परी सदस्य घाइते वा अङ्गभङ्ग भई अस्पताल भर्ना भएमा वा हातगोडा भाँचिएमा वास्तविक उपचार खर्च वा अधिकतम रु. २,०००/-
- केन्द्र प्रमुखहरुको गोष्ठी सञ्चालन
- सदस्य परिवारहरुका लागि सीपमूलक तालिम
- आय आर्जन र बजार व्यवस्थापन
- केन्द्र घर तथा सार्वजनिक महत्त्वका निर्माण कार्यहरु
- स्वास्थ्य शिविर तथा सामाजिक उत्तरदायित्वका कार्यहरु
- सदस्यको क्षमता अभिवृद्धि कार्यक्रम

**४. विप्रेषण सेवा**

संस्थाले आफ्ना सदस्यहरुका लागि आइएमई, वेस्टर्न युनियन, प्रभु मनी ट्रान्सफर, हिमाल रेमिट जस्ता विप्रेषण प्रदायक कम्पनीहरुसँगको सहकार्यमा विप्रेषण सेवा सञ्चालन गरेको छ। यस सेवाअन्तर्गत स्वदेश तथा विदेशबाट सजिलैसित पैसा पठाउन तथा प्राप्त गर्न सकिनेछ।

# मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको
## बाह्रौं वार्षिक साधारण सभामा
## सञ्चालक समितिका अध्यक्षको आ. व. २०८०/८१ को प्रतिवेदन

**आदरणीय सेयरधनी महानुभावहरु,**

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको बाह्रौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण सेयरधनीहरु र सेयरधनीका प्रतिनिधिहरुलाई सञ्चालक समिति तथा मेरो व्यक्तिगततर्फबाट हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु। आर्थिक रुपले पिछडिएका तथा विपन्न क्षेत्रमा लघुकर्जा प्रवाह गरी न्यून आय भएका तथा लक्षित वर्गमा लघुउद्यमशीलताको विकास गर्न, आय आर्जनका साथै रोजगारीका अवसरहरुको सिर्जना गर्न र जीवनस्तर उकास्न सहयोग पुऱ्याउने उद्देश्यले यस संस्था स्थापना भएको हो। लक्षित उद्देश्य प्राप्तितर्फ अग्रसर यस संस्थाको प्रगति एवं वृद्धिमा सेयरधनी महानुभावहरुले पुऱ्याउनु भएको निरन्तर सहयोग एवं योगदानप्रति हामी आभार प्रकट गर्दछौं।

मध्यपूर्व तथा रुस-युक्रेन युद्ध र त्यसबाट विश्व अर्थतन्त्रमा परेको प्रभावका साथै कोभिड-१९ का कारणबाट सुस्ताएको विश्वव्यापी अर्थतन्त्रको प्रभाव प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा नेपाली अर्थतन्त्रमा पनि परेको छ। नेपालको सन्दर्भमा पनि मूल्य एवं बाह्य क्षेत्र स्थायित्वमा देखिएको दबाब, आर्थिक गतिविधि तथा लघुवित्त र सहकारी क्षेत्रप्रति नकारात्मक प्रचार प्रसारले गर्दा आर्थिक वर्षको शुरुदेखि नै लघुवित्त वित्तीय संस्थाहरुको कर्जा प्रवाहमा संकुचन आएको अवस्था छ। बैंक तथा वित्तीय संस्थाहरु विरुद्धका संघर्ष लगायत गतिविधिका कारण विगत ४ वर्षदेखि समग्र वित्तीय क्षेत्रमा प्रभाव परेसँगै यस संस्थाको लघुवित्त कार्यक्रममा समेत प्रभाव परिरहेको छ। जसको परिणामस्वरुप वित्तीय संस्थाले लगानी गरेका कर्जाको किस्ता र ब्याज असुली समेत प्रभावित भई आम्दानीको ठूलो हिस्सा कर्जा नोक्सानी व्यवस्थामा खर्च लेख्नुपरेको अवस्था छ। व्यावसाय विस्तारमा कसिलो नियामकीय नीतिका कारण व्यवसाय वृद्धि नहुनु र वित्तीय संस्थाको स्थिर लागतको खर्च भइरहने हुँदा कुल आम्दानीमा प्रभाव परेको छ। संस्थाले लगानी गर्ने कर्जामा लिन पाउने अधिकतम ब्याजदरको सीमा र सदस्यको बचतमा दिनुपर्ने न्यूनतम ब्याजदरको सीमा नियमन निकायबाट निर्धारण गरिएकाले वित्तीय संस्थाको आधार दर नै कर्जामा लिन पाउने ब्याजदर सीमाकै हाराहारीमा रहेको अवस्था छ। यद्यपि गत वर्षको तुलनामा यस वर्षको खुद नाफामा बढोत्तरी आएको ब्यहोरा यहाँहरुलाई जानकारी गराउँदछु। यस्तो प्रतिकूल परिस्थितिमा समेत संस्थाले जोखिम व्यवस्थापनमा अधिक केन्द्रित रही व्यवसायमा संकुचन आउन नदिन यस संस्था प्रयासरत रहेको छ। जसको प्रतिफल यस आर्थिक वर्षको साथै आगामी आर्थिक वर्षहरुमा समेत देखिने यहाँहरुलाई विश्वास दिलाउन चाहन्छु।

समीक्षा आर्थिक वर्षमा व्यावसायिक तथा औद्योगिक क्षेत्रमा जस्तै विपन्न वर्ग कर्जाको मागमा पनि कमी आएको र जोखिम तीब्रतर रुपमा बढ्दो जोखिमका बाबजुद संस्थाले विगतका वर्षमा झैं संस्थागत दक्षता र क्षमताको उच्चतम उपयोग गरी विवेकशील ढंगबाट वित्तीय स्रोतको उपयोग तथा कर्जा लगानी गरेको कारण बजारमा साख कायम रहिरहेकोछ। हामीले संस्थालाई मुलुकको लघुवित्त क्षेत्रमा एक ब्राण्डको रुपमा सुरक्षित, भरपर्दो र प्रविधिमैत्री संस्थाको रुपमा स्थापित गराउन लागिपरेका छौं। स्थापनाको छोटो अवधिमा नै यस संस्थाले नेपालका ६४ जिल्लामा १४९ वटा शाखा कार्यालयहरु स्थापना गरी कार्यक्रम बिस्तार गरिरहेको छ। आ. व. २०८०/८१ को अन्त्यसम्ममा यस संस्थाले कुल १,५०,१६३ ग्राहक सदस्य एवं ७९,१८६ ऋणी सदस्य बनाउँदै रु. ३ अर्ब ४० करोड बचत संकलन गरी रु. १३ अर्ब ८९ करोड ऋण प्रवाह गरेको र रु. १४ करोड ५७ लाख खुद नाफा आर्जन गरेको छ।

२०८१ असार मसान्तसम्म कायम रहेको चुक्ता पूँजी रु. १ अर्ब ३२ करोडको ७.५ प्रतिशतका दरले बोनस सेयर र ०.३९ प्रतिशतका दरले नगद लाभांश (बोनस सेयरको कर प्रयोजनका लागि) गरी जम्मा ७.८९ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव यस साधारण सभामा स्वीकृतिका लागि पेश गर्दछु। २०८१ असार मसान्तसम्ममा प्रस्तावित बोनस सेयर सहित संस्थाको चुक्ता पूँजी रु. १ अर्ब ४१ करोड ९० लाख पुग्न जाने ब्यहोरा जानकारी गराउँदा मलाई खुसी लागेको छ।

वित्तीय संस्थाले एघारौं वार्षिक साधारण सभाबाट संस्थापकतर्फको सेयर स्वमित्व ५९.४० प्रतिशत र सर्वसाधारणतर्फको सेयर स्वमित्व ४०.६० प्रतिशत कायम गरिसकेको र नेपाल राष्ट्र बैंकबाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को अधीनमा रही पुनः परिवर्तन गर्न पाइने भएकाले हाल कायम रहेको संस्थापक सेयर स्वामित्व ५९.४० प्रतिशतलाई परिवर्तन गरी संस्थापकतर्फको सेयर स्वमित्व ५१ प्रतिशत र सर्वसाधारणतर्फको सेयर स्वमित्व ४९ प्रतिशत कायम

गर्न नेपाल राष्ट्र बैंकबाट प्रारम्भिक स्वीकृति समेत प्राप्त भैसकेकाले सो प्रस्ताव पारित गर्न यस साधारण सभामा पेश गर्दछु।

संस्थामा कार्यरत कर्मचारीहरुको सीप एवं दक्षता अभिवृद्धिका लागि आन्तरिक र विभिन्न संघ/संस्थाद्वारा सञ्चालित ४६ वटा तालिममा ४८४ जना कर्मचारीहरुलाई सहभागी गराइएको व्यहोरा जानकारी गर्दछु। ग्राहक सेवालाई स्तरीय एवं भरपर्दो बनाई संस्थागत विकास गर्नमा कर्मचारीहरुको भूमिका अपरिहार्य हुन्छ भन्ने मान्यता प्रति हाम्रो विश्वास रहिआएको छ। त्यसैले कर्मचारीहरुको उत्पादकत्व अभिवृद्धि गरी उच्चतम बिन्दुसम्म पुर्‍याउने र उनीहरुको व्यावसायिक सीप एवं क्षमता विकाससँगसँगै अनुशासन, ईमान्दारिता, सृजनशीलता, आपसी सद्भाव र सामूहिक कार्य गर्ने भावना आदिको प्रवर्द्धन गर्दै जानेतर्फ संस्था सँधै प्रयत्नशील छ।

संस्थाले बैंकिङ्ग क्षेत्रमा विद्यमान रहेका विभिन्न जोखिमहरुलाई न्यूनीकरण गर्नका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त बनाउँदै लगेको छ। नेपाल राष्ट्र बैंकको नियमन र निर्देशन साथै प्रचलित कानुनी प्रावधान अनुरुप सञ्चालक समितिबाट गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा विभिन्न उप-समितिहरु गठन गरिएको छ। उप-समितिहरुबाट प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियमन व्यवस्थाहरु पालना गरे/नगरेको सम्बन्धमा निरन्तर समीक्षा गरी व्यवस्थापनलाई आवश्यक निर्देशन दिने कार्यहरु समेत भएको छ।

यस संस्थालाई प्रगतितर्फ उन्मुख एवं गतिशील बनाउन पुर्‍याइरहेको योगदानका लागि प्रमुख नियमनकारी निकाय नेपाल राष्ट्र बैंक, समयमै लेखापरीक्षण गर्ने बाह्य लेखापरीक्षक जोशी एण्ड भण्डारी चार्टड एकाउन्टेन्टस् र आन्तरिक लेखा परीक्षक एस एण्ड एस एसोसियट्स, कर्जा लगानीका लागि समयमा नै ऋण सापट उपलब्ध गराउने सबै बैंक तथा वित्तीय संस्थाहरुप्रति पनि आभार प्रकट गर्न चाहन्छु।

संस्थाको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपले संलग्न सेयरधनी, निक्षेपकर्ता, वित्तीय कारोबार गर्ने ग्राहक/सदस्यहरु, नेपाल लघुवित्त बैंकर्स संघ, विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, विभिन्न बीमा कम्पनीहरु, विभिन्न रेमिट्यान्स कम्पनीहरु एवं शुभेच्छुक महानुभावहरुबाट प्राप्त सहयोग, सुझाव र मार्गदर्शनका लागि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

संस्थाको सुव्यवस्थापन र उन्नति/प्रगतिप्रति ईमान्दार रही आफ्नो जिम्मेवारी पूरा गर्ने यस संस्थाका लगनशील, कर्तव्यनिष्ठ प्रमुख कार्यकारी अधिकृत, नायव प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुप्रति विशेष धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा समेत कुशल कार्यबाट संस्थाको प्रगतिमा अझ बढी योगदान पुग्ने अपेक्षा राखेको छु।

अन्त्यमा,

विशेषतः ग्रामीण क्षेत्रमा अवस्थित विपन्न समुदायमा वित्तीय पहुँच पुर्‍याई आर्थिक-सामाजिक उत्थानमा सहयोग गर्ने प्रमुख उद्देश्य लिएर सञ्चालित यस संस्थालाई सम्बन्धित सबैको सद्भावपूर्ण सहयोग पाइरहने पूर्ण आशा गरेका छु। साथै यस बाह्रौं वार्षिक साधारण सभामा उपस्थित भई कार्यक्रमको गरिमा बढाइदिनुभएकोमा उपस्थित सबैप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।

धन्यवाद !

मिति : २०८१/१०/०४

कल्याण बिक्रम पाँडे
अध्यक्ष
सञ्चालक समिति
मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड

# मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको
## बाह्रौं वार्षिक साधारण सभामा
## प्रमुख कार्यकारी अधिकृतज्यूको मन्तव्य

आजभन्दा १२ वर्षअघि स्थापित यस मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाको स्थापनाको उद्देश्य देशका विपन्न घर-परिवारमा सहज वित्तीय पहुँच पुऱ्याई उनीहरुको व्यावसायिक क्षमता बढाउँदै आर्थिक-सामाजिकस्तर उकास्दै लैजानु रहेको थियो। देशका ग्रामीण तथा अर्धशहरी क्षेत्रका विपन्न समुदायमा वित्तीय साक्षरतासँगै लघुवित्तीय सेवामार्फत विपन्न परिवारका सामाजिक-आर्थिक रुपान्तरण, स्थानीय स्रोत-साधनको संकलन र उत्पादनशील क्षेत्रमा उपयोग, लघुव्यवसायको बिस्तार र स्वरोजगार सिर्जना साथै समग्र सशक्तिकरण गर्नमा यस संस्थाको उल्लेख्य योगदान रहेको छ। स्थापनाकालदेखि अहिलेसम्म ७१ अर्बभन्दा बढी कर्जा लगानी गरी लक्षित वर्गलाई लाभान्वित तुल्याएको र ५७ अर्ब बढी कर्जा असुली समेत भई करिब १४ अर्ब लगानीमा बाँकी रहिरहेको अवस्था छ। राष्ट्रियस्तरको यस वित्तीय संस्थाले आगामी ३ वर्षमा देशका सबै जिल्लामा आफ्नो कार्यक्रम बिस्तार गर्ने लक्ष्य राखेको छ।

वर्तमानमा देशको अर्थतन्त्रमा देखिएको शिथिलता, कर्जाको बढ्दो जोखिम, ऋणीहरुको कर्जा तिर्ने क्षमतामा आएको ह्रास, सहकारी तथा बैंकिङ्ग क्षेत्रमा थपिएका समस्या र सोसँगै बैंक/वित्तीय संस्थाप्रति जनस्तरबाट हुने टिकाटिप्पणी र विरोधका कार्यक्रमहरु जस्ता थुप्रै चुनौतीहरु थपिएका छन्। यद्यपि यी चुनौतीहरुलाई स्वीकार गर्दै व्यवस्थापनले भविष्यमा जोखिमको उचित व्यवस्थापन र स्रोतको समुचित उपयोग गर्दै नयाँ ढङ्गले अघि बढ्ने रणनीतिका साथ संस्थाले सोहीबमोजिम कार्ययोजना बनाएको छ।

आगामी दिनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक परिस्थिति, तरलता तथा बजार ब्याजदर, राजनैतिक-सामाजिक परिघटनाहरु, नीति-नियममा हुने परिवर्तन, बढ्दो ऋण नतिर्ने प्रवृत्ति र लघुवित्त विरुद्धका गतिविधिहरु लगायतबाट भविष्यमा हुनसक्ने जोखिमको आंकलन गरी संस्थाको उद्देश्य र लक्ष्य प्राप्तितर्फ सुझबुझपूर्ण ढङ्गले थप रणनीति र कार्यनीतिहरु अवलम्बन गरिनेछ। यस संस्थाले आगामी वर्षका लागि निर्धारण गरेका रणनीतिहरुमा आवश्यक पुनरावलोकन तथा परिमार्जन गर्दै संस्थाको व्यावसायिक क्षमता र सेवाहरुको गुणस्तरमा स्तरोन्नति गर्दै अघि बढ्नेछ।

संस्थाले संस्थागत सुशासनतर्फ विभिन्न समिति तथा उपसमितिहरु मार्फत आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाएको छ। प्रभावकारी र दीगो लघुवित्त सेवा प्रदान गर्ने हेतुले कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्दै अनुगमन तथा सुपरिवेक्षण, कर्जा सदुपयोगिता निरीक्षण, सेवाग्राही सदस्यहरुसँग सुमधुर सम्बन्ध, वित्तीय साक्षरता तथा जागरण आदि कार्यक्रमलाई सुदृढ पार्दै लगिएको छ र आगामी दिनमा समग्र सूचकहरु सुदृढ गर्दै लगिने छ। यस आर्थिक वर्षमा पनि विगतमा झैं सबैजसो कर्मचारीहरुलाई दक्षता अभिवृद्धि तालिम सञ्चालन गरिने र सेवाग्राही सदस्य तथा परिवारलाई वित्तीय शिक्षा तथा जागरणका कार्यक्रमहरु सञ्चालन गरिने छ।

आगामी दिनमा थप ग्राहकमैत्री वित्तीय तथा प्रविधिजन्य सेवा र सुविधाहरु विकास गरी लागू गर्ने, ग्राहक सदस्यहरुसँगको सम्बन्ध सुमधुर बनाउन छिटो एवं छरितो तवरले सेवा उपलब्ध गराउने, ग्राहक सदस्यहरुका समस्या र गुनासाहरु व्यवस्थापनसम्म आइपुग्ने व्यवस्था मिलाउने र सो सम्बन्धमा छिट्टै समाधान गर्ने, आन्तरिक स्रोत मजबुत पार्न बचत वृद्धितर्फ केन्द्रीत हुने, आन्तरिक नियन्त्रण प्रणाली चुस्त बनाई कार्यक्रम गुणस्तर कायम गर्ने र संस्थाको समग्र जोखिम व्यवस्थापनका आधारभूत पक्षहरुलाई मजबुत पार्दै उल्लेखित चुनौतीहरुको समाधान गर्ने अबको रणनीति हुनेछ।

अन्तमा, यस संस्थाको नेतृत्वको लागि मलाई जिम्मेवारी प्रदान गर्ने सञ्चालक समितिलाई र वर्षभरि भए गरेका काम कारबाहीमा सामूहिक रुपमा जिम्मेवारी लिई सहयोग गर्नुहुने र तोकिएको काम सम्पादन गर्ने कर्मचारी साथीहरु साथै सम्पूर्ण सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता तथा धन्यवाद प्रकट गर्दछु। संस्थालाई निरन्तर प्रगतिपथमा लैजानका लागि विभिन्न कोणबाट सहयोग, सुझाव र सल्लाह प्रदान गर्नुहुने नियामक निकायहरु, आन्तरिक तथा बाह्य लेखापरीक्षकहरु, कानुनविद, सेयरधनी महानुभावहरु, संस्थामा आवद्ध

सल्लाह प्रदान गर्नुहुने नियामक निकायहरु, आन्तरिक तथा बाह्य लेखापरीक्षकहरु, कानुनविद, सेयरधनी महानुभावहरु, संस्थामा आवद्ध सेवाग्राही सदस्यहरु, कर्जा तथा सापट प्रदान गर्नुहुने बैंक तथा वित्तीय संस्थाहरु, सेवा प्रदायक तथा आपूर्तिकर्ताहरु, नेपाल लघुवित्त बैंकर्स संघ, व्यावसायिक प्रतिष्ठानहरु लगायत सम्पूर्ण सरोकारवालाहरुमा मेरो व्यक्तिगत तथा संस्थाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु।

धन्यवाद !

मिति : २०८१/१०/०४

रामहरि दाहाल
प्रमुख कार्यकारी अधिकृत
मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड

# मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको
## बाह्रौं वार्षिक साधारण सभामा
## सञ्चालक समितिबाट प्रस्तुत आ. व. २०८०/८१ को प्रतिवेदन

**आदरणीय सेयरधनी महानुभावहरु,**

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको बाह्रौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण सेयरधनी महानुभावहरुलाई यस संस्थाको सञ्चालक समिति हार्दिक स्वागत तथा अभिवादन गर्दछ। यस संस्थाको आर्थिक वर्ष २०८०/८१ मा भएका कारोबारहरुको समीक्षा गरी भावी नीति तर्जुमा गर्न र योजना कार्यान्वयन गर्न यहाँहरुले सदा झैं मार्गदर्शन गर्नुहुनेछ भन्ने आशा एवं विश्वास संस्थाले लिएको छ।

यस संस्थाको लेखापरीक्षण भएको आर्थिक वर्ष २०८०/८१ को वासलाल, नाफा नोक्सान हिसाब लगायतका वार्षिक प्रतिवेदन र आर्थिक वर्ष २०८१/८२ को कार्यक्रम सहितको वार्षिक प्रतिवेदन यहाँहरु समक्ष पेश गरिएको छ।

यस मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. ले आफ्ना स्रोत-साधनहरुको अधिकतम सदुपयोग गर्ने नीतिलाई उच्च प्राथमिकतामा राखी यथासम्भव दक्षतापूर्वक कारोबार सञ्चालन गरिरहेको व्यहोरा सहर्ष जानकारी गरिन्छ।

आ. व. २०८०/८१ मा संस्थाले गरेका प्रगतिहरु, उपलब्धिहरु, सञ्चालनमा देखिएका कमीकमजोरी एवं चुनौतीहरु भविष्यका अल्पकालीन तथा दीर्घकालीन योजनाहरु र समग्र बैंकिङ्ग कार्यको समीक्षा र पुनरावलोकन गर्न कम्पनी ऐन, २०७३ धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को अधीनमा रही तयार गरिएको यो प्रतिवेदन सञ्चालक समितिको तर्फबाट संस्थाको बाह्रौं वार्षिक साधारण सभामा प्रस्तुत गरिएको छ।

### १. कारोबारको सिंहावलोकन :

संस्थाको आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा १,५०,१६३ ग्राहक सदस्य, ७९,१८३ ऋणी सदस्य, रु. १३.८९ अर्ब ऋण प्रवाह तथा रु. ३.४० अर्ब बचत संकलन गरी रु. १४.५७ करोड खुद नाफा आर्जन गर्न सफल भएका छौं।

**सेयर पूँजी :**

नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम चुक्ता पूँजी रु. १० करोड रहेतापनि यस संस्थाको २०८१ आषाढ मसान्तसम्ममा संस्थापकको तर्फबाट चुक्ता पूँजी रु. ७८.४०८ करोड र सर्वसाधारणको तर्फबाट रु. ५३.५९२ करोड गरी जम्मा चुक्ता पूँजी रु. १ अर्ब ३२ करोड रहेको छ। जसमा प्रस्तावित बोनस सेयर रु. ९.९० करोड थप गर्दा यस संस्थाको चुक्ता पूँजी रु. १ अर्ब ४१ करोड ९० लाख पुग्न जानेछ।

**कार्यक्षेत्र र कार्यालयहरु :**

यस संस्थाको कार्यक्षेत्र राष्ट्रियस्तरको रहेको छ। तथापि आ. व. २०८०/८१ को अन्त्यसम्ममा ६४ जिल्लाहरुमा कार्यक्रम बिस्तार गरिएको छ, साथै यस संस्थाको केन्द्रीय कार्यालय १, सम्पर्क कार्यालय १ र शाखा कार्यालय १४९ गरी जम्मा १५१ वटा कार्यालय संख्या पुगेका छन्।

**मानव संसाधनको विकास :**

आर्थिक वर्ष २०८०/८१ मा कर्मचारीतर्फ संस्थाको आन्तरिक आयोजनामा सञ्चालित १८ वटा तालिममा ४४६ जनालाई सहभागी गराइएको थियो। यसबाट संस्थामा कार्यरत कर्मचारीहरुको उत्पादकत्व बढेको विश्वास गरिएको छ। साथै संस्थाका कर्मचारीहरुको सीप एवं दक्षता अभिवृद्धिका लागि विभिन्न संघ/संस्थाद्वारा सञ्चालित २८ वटा तालिममा ३८ जना कर्मचारीहरुलाई सहभागी गराइएको ब्यहोरा समेत जानकारी गरिन्छ।

**वित्तीय विवरण :**

यस संस्थाको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण भैसकेको हुनाले आर्थिक वर्ष २०८०/८१ का वित्तीय विवरणहरु

सहितको प्रतिवेदन वार्षिक प्रतिवेदन पुस्तिकामा छुट्टै संलग्न गरिएको छ। वित्तीय विश्लेषणका विभिन्न परिसूचकहरु पनि उक्त प्रतिवेदनमा समावेश छन्।

**२. वर्तमान अवस्था र भावी कार्यक्रम :**

मिति २०८१ आषाढ मसान्तपछि संस्थाको हितलाई तात्विक असर पर्ने ठूला घटना केही नभएतापनि कोभिड-१९ ले विगतका वर्षहरुदेखि अर्थतन्त्रमा परेको प्रभावको असर, विद्यमान सुस्त आर्थिक गतिविधिको प्रभावले संस्थाका शाखा कार्यालयहरुमा लगानी तथा असुलीमा केही प्रभाव भने रहिरहेको छ। विभिन्न लघुवित्त विरोधी समूहहरुले सञ्चालन गरेका अवैध कार्यक्रमले समेत असुली प्रक्रियामा असर पारेको हुँदा चालु आर्थिक वर्षको ३ महिनाको अवस्था गत वर्षको सोही अवधिसँग तुलना गर्दा निम्नानुसार रहेको छ।

| क्र. सं. | विवरण | इकाई | असोज मसान्त, २०८० | असोज मसान्त, २०८१ | अन्तर | % |
|---|---|---|---|---|---|---|
| १ | शाखा | संख्या | १४९ | १४९ | ० | ० |
| २ | जिल्ला | संख्या | ६४ | ६४ | ० | ० |
| ४ | कर्मचारी | संख्या | ६३१ | ६१० | २१) | (३.३२) |
| ५ | ग्राहक सदस्य | संख्या | १५९,४१६ | १४९,८७३ | (९,५४३) | (५.९८) |
| ६ | ऋणी सदस्य | संख्या | ८८,९६४ | ७८,३१२ | (१०,६५२) | (११.९७) |
| ७ | ऋणमा रहिरहेको रकम | रु. ००० | १३,८४४,१०६ | १३,९२१,२९१ | ७७,१८५ | ०.५५८ |
| ८ | बचत मौज्दात | रु. ००० | ३,३७९,०९७ | ३,४३१,३३९ | ५२,२४२ | १.५४६ |
| ९ | खुद नाफा | रु. ००० | (६२,५४७) | ३,६५० | ६६,१९७ | १०५.८३ |

साथै आर्थिक वर्ष २०८१/८२ मा निम्नलिखित कार्यक्रमहरु सञ्चालन गर्ने कार्य योजना रहेकोतर्फ ध्यान आकृष्ट गराउँछौं।

- **कार्यालय विस्तार :**

  हाल केन्द्रीय कार्यालय १, सम्पर्क कार्यालय १ र शाखास्तरका १४९ गरी ६४ जिल्लामा जम्मा १५१ कार्यालयहरु रहेकोमा हाल लघुवित्त वित्तीय संस्थाहरुमा देखिएको समस्याका कारणले कार्यालय विस्तार नगरी भएको कार्यक्रमको गुणस्तर सुधार गर्ने लक्ष्य लिइएको छ।

- **ग्राहक सदस्यहरुको वृद्धि :**

  आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा कुल सदस्य संख्या १,५०,१६३ रहेकोमा नियमन निकायको निर्देशनबमोजिम ग्राहक सदस्य दुईभन्दा बढी लघुवित्त वित्तीय संस्थामा आबद्ध हुन नपाउने भएकाले सदस्य संख्या घटेर आर्थिक वर्ष २०८१/८२ को अन्तसम्ममा कुल १,३५,००० हुने अनुमान गरिएको छ। साथै हाल कायम रहेका ७९,१८६ ऋणी सदस्य समेत सोही अनुपातमा घट्न गई आर्थिक वर्ष २०८१/८२ को अन्तसम्ममा कुल ७१,९८५ ऋणी सदस्यहरु कायम रहने अनुमान गरिएको छ। लघुवित्त कार्यक्रमको पहुँच पुऱ्याउन नसकिएका स्थानीय निकायहरुमा पनि लघुवित्त कार्यक्रम बिस्तारका सम्भाव्यताहरु पहिल्याई ग्राहक सदस्यहरुको बिस्तारका लागि व्यवहारिक रणनीति अवलम्बन गरिनेछ।

- **कर्जा तथा सापटी :**

  ग्रामीण तथा शहरी क्षेत्रमा रहेका विपन्न वर्गका परिवारहरुको आर्थिक हितलाई ध्यानमा राखी साधारण कर्जा, मौसमी कर्जा, वैकल्पिक ऊर्जा कर्जा, अनुशासन/विशेष कर्जा, सामाजिक कर्जा, सहुलियत कर्जा, आपतकालीन घर मर्मत, पूनर्निर्माण तथा परियोजना सञ्चालन सहयोगी कर्जा, व्यावसायिक कर्जा, मेरो कर्जा र धितोकर्जा तथा आवश्यकताअनुसार अन्य लगानीका नयाँ-नयाँ सम्भाव्यता पहिल्याई आर्थिक वर्ष २०८०/८१ को अन्तसम्ममा लगानीमा बाँकी रहेको ऋण रकम रु. १३.८९ अर्बलाई वृद्धि गरी आर्थिक वर्ष २०८१/८२ को अन्तसम्ममा कुल लगानीमा रहिरहने बाँकी ऋण रु. १६.१५ अर्ब पुऱ्याउने लक्ष्य राखिएको छ।

- **निक्षेप परिचालन :**

  सदस्यहरुमा छरिएर रहेको स-साना रकमहरुलाई बचत गराउने अभिप्रायले नियामक निकायको निर्देशनभित्र रही गृहिणी पेवा बचत, मासिक क्रियाशील बचत, आपतकालीन बचत, सिर्जनशील बाल-युवा बचत, व्यावसायिक बचत र मेरो बचतका साथै आवश्यकता अनुसार बचतका नयाँ-नयाँ किसिमका सेवाहरुको विकास गरी आर्थिक वर्ष २०८१/८२ को अन्तसम्ममा बचत जम्मालाई रु. ३.४० अर्बबाट रु. ३.८६ अर्ब पुऱ्याउने लक्ष्य लिएका छौं ।

- **मानव संसाधनको विकास र विस्तार :**

  आर्थिक वर्ष २०८१/८२ को लक्ष्य हासिल गर्न आ. व. २०८०/८१ को अन्तसम्ममा रहेको कुल कर्मचारी संख्या ६१३ मा ४३ जना विभिन्न तहका कर्मचारीहरु थप गरी कुल कर्मचारी संख्या ६५६ पुऱ्याउने लक्ष्य राखिएको छ।

  ग्राहक सेवालाई स्तरीय एवं भरपर्दो बनाई संस्थागत विकास गर्नमा कर्मचारीहरुको भूमिका अपरिहार्य हुन्छ भन्ने मान्यता प्रति हाम्रो विश्वास रहिआएको छ। त्यसैले कर्मचारीहरुको उत्पादकत्व अभिवृद्धि गरी उच्चतम बिन्दुसम्म पुऱ्याउने र क्षमता विकास सहित उनीहरुको नैतिकस्तर, ईमान्दारी, व्यावसायिक सीप एवं दक्षता, आपसी सद्भाव, सृजनशीलता, सामूहिक कार्य गर्ने भावना जस्ता कुराहरुको प्रवर्द्धन गर्दै जानेतर्फ संस्था सँधै प्रयत्नशील छ।

  संस्थाको विकास र बिस्तारसँगै सबै कर्मचारीहरुको सेवा सुविधामा आवश्यकता र संस्थाको सक्षमता हेरेर वृद्धि गरिनेछ, साथै कर्मचारीहरुको मनोबल उच्च राख्नका लागि संस्था सदैव तयार रहेको विश्वास दिलाउन चाहन्छौं ।

  मानव संसाधनको दक्षतामा अभिवृद्धि गरी समय र परिवेश अनुसार कर्मचारीहरुलाई प्रतिस्पर्धी वातावरणमा क्षमतावान बनाउन आन्तरिक तथा बाह्य तालिम दिई उनीहरुको वृत्ति विकास गर्दै जाने नीति रहेको छ।

  आर्थिक वर्ष २०८१/८२ मा जनशक्ति विकासको लागि ग्राहक तथा कर्मचारीहरुको दक्षतामा अभिवृद्धि गर्ने हेतुले आवश्यक तालिमहरु प्रदान गर्दै जाने नीति लिइएको समेत जानकारी गराउन चाहन्छौं ।

- **मुनाफामा वृद्धि :**

  संस्थाको समग्र वित्तीय अवस्थाको अभिवृद्धि र कारोबारसँगसँगै आर्थिक वर्ष २०८१/८२ मा संस्थाले खुद मुनाफा रु. ३८.०८ करोड आर्जन गर्ने लक्ष्य लिएको छ।

- **कोषको व्यवस्थापन :**

  ऋण लगानी, निक्षेप भुक्तानी तथा प्रशासनिक खर्चका लागि आर्थिक वर्ष २०८१/८२ मा आवश्यक पर्ने कुल कोषमध्ये आन्तरिक स्रोतबाट पूर्ति भै अपुग हुने कोष संस्थापक/सेयरधनी बैंकहरु, अन्य वाणिज्य बैंक तथा वित्तीय संस्थाहरु तथा दातृ संस्थाहरुसँग आवश्यक परेको समयमा कर्जा सापट तथा अनुदान लिने नीति रहेको छ। कोष व्यवस्थापनका लागि तुलनात्मक (न्यूनतम) लागत तथा शर्तहरु हेरी विविधीकरण गर्दै लगिने नीति लिइएको छ।

  तरलता सहजसँगसँगै ब्याजदर घट्दै गएको अवस्था रहेकाले ऋण लिंदा लाग्ने ब्याज तथा अन्य शुल्कहरु जस्ता लागत र ऋणको सावाँ-ब्याज तिर्दाका शर्तहरुको मूल्याङ्कन तथा विश्लेषण गरी अझ कम लागतका स्रोतहरुबाट कोष व्यवस्था गर्ने नीति लिइएको छ। कोषको भरपर्दो स्रोतको रुपमा सदस्य बचत अभिवृद्धिलाई प्राथमिकतामा राखी अधिकभन्दा अधिक बचत संकलन गर्ने नीति लिइएको छ।

- **सूचना र प्रविधि :**

  कारोबारको लेखाङ्कन तथा अभिलेखलाई आधुनिकीकरण गर्न संस्थाले कारोबार शुरु गरेको आर्थिक वर्ष २०७०/७१ देखि नै सफ्टवेयर निर्माता "इन्फो डेभलपर" (हाल नेपाल फिनसफ्ट कम्पनी) बाट निर्मित ईम्पावर सफ्टवेयर खरीद गरी सम्पूर्ण कार्यालयहरुमा केन्द्रीकृत (Centralized) सर्भरमा आधारित अनलाईन प्रविधि प्रयोग गरिरहेको छ । सफ्टवेयर डाटालाई थप सुरक्षाका लागि दुई स्थानमा डाटा राखी सफ्टवेयर सञ्चालन गरिएको छ । सफ्ट्वेयरमार्फत प्रभावकारी कार्यसम्पादनका लागि सूचना प्रविधि विभागको स्थापना गरी दुई सिफ्टमार्फत कर्मचारीहरु परिचालन गरिएको छ । सोही अनुरुप सो सफ्ट्वेयरको अपग्रेड र कर्मचारीहरुको क्षमतामा अभिवृद्धि गर्दै लगिने नीति रहेको छ। साथै कर्मचारीहरुको हाजिरीलाई विद्युतीय बनाइएको

छ र सम्पूर्ण कर्मचारीहरुको तलब भत्ता केन्द्रीय कार्यालयबाट वितरण गरिने, सम्पत्तिको ह्रास खर्च समेत केन्द्रीय कार्यालयबाट सोझै सम्बन्धित शाखा कार्यालयमा खर्च लेखिने व्यवस्था मिलाइएको छ। कर्जा प्रवाह प्रणालीलाई चुस्त दुरुस्त राख्न र प्रभावकारी विश्लेषणका लागि Credit Automation प्रणाली सञ्चालनमा ल्याइएको छ। साथै आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउनका लागि Performance Management System प्रयोगमा ल्याइएको छ। शाखा कार्यालयको सुरक्षाका लागि सम्पूर्ण शाखाहरुमा सिसि टिभि जडान भएको छ। कारोबारको पारदर्शिता तथा चुस्त दुरुस्त कार्यसम्पादनका लागि मोबाईल/एसएमएस बैंकिङ्ग र ट्याबलेट बैंकिङ्ग सुचारु गरिएको छ।

**३. सञ्चालक समितिमा हेरफेर :**

यस आ. व. मा स्वतन्त्र सञ्चालकको पदमा श्री आयुष ओझालाई नियुक्त गरिएको छ। साथै संस्थापक सेयरधनी प्राइम कर्मसियल बैंक लि. का प्रतिनिधि श्री सञ्जीब मानन्धर उक्त बैंकको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त भएपश्चात बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ को उपदफा ८ बमोजिम यस वित्तीय संस्थाको सञ्चालकमा प्रतिनिधित्व गर्न नमिल्ने भएकाले श्री सञ्जीब मानन्धरको स्थानमा सोही बैंकका सहायक महाप्रबन्धक श्री नेपाल भुषण श्रेष्ठलाई बैंककोतर्फबाट प्रतिनिधि तोकी पठाइएकाले निजलाई नियुक्त गरिएको छ।

**४. आन्तरिक नियन्त्रण प्रणाली :**

संस्थालाई समय सापेक्ष परिर्वतन गर्दै लैजान आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न आवश्यक हुन्छ। संस्थाका शाखाहरुको आन्तरिक नियन्त्रणका लागि केन्द्रीय कार्यालयमा २ जना Line Managers को मातहतमा ६ वटा विभागहरु र अनुगमन कार्यलाई अझ प्रभावकारी बनाउनका लागि प्रदेश कार्यालयको संरचना विकास गरी ४ जना उच्चतहका कर्मचारीहरुलाई कार्यक्रमको आकार हेरी ७ वटै प्रदेशको जिम्मेवारी दिइएको छ। हाल १९ वटा स्थानमा अनुगमन कार्यालयहरु खडा गरी अनुगमन अधिकृतको व्यवस्था गरिएको छ। साथै आन्तरिक लेखापरीक्षणका लागि बाह्य स्रोतबाट लेखापरीक्षण गराउने नीति लिएको छ। आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त बनाई राख्न नेपाल राष्ट्र बैंकको निर्देशनबमोजिम NFRS (Nepal Financial Reporting Standard) अनुरुप लेखा अभिलेखन गर्ने, प्रतिवेदन तयार गर्ने, प्रकाशन गर्ने, नियामक निकायहरुमा पेश गर्ने/गराउने गरी दैनिक कार्यलाई नियमित तथा व्यवस्थित गरिएको छ।

अनुगमन तथा सुपरिवेक्षण, आन्तरिक लेखापरीक्षण, बाह्य लेखापरीक्षणबाट आएका सुझाव तथा कैफियतहरुको सुधार यथाशीघ्र गरी कारोबारलाई अद्यावधिक तथा नियमसंगत बनाउन MFIN- PMS Software सञ्चालनमा ल्याइएको छ। समग्र व्यवस्थापनको क्रियाकलापलाई निगरानी तथा व्यवस्थापनको समसामयिक सुधारका लागि लेखापरीक्षण उपसमिति सक्रिय रहेको छ। यसका लागि सञ्चालक समिति अन्तर्गत नै विभिन्न उपसमितिहरुको गठन गरिएको छ साथै विशेष क्षेत्रहरुको कार्य सम्पादन र चुस्त तथा प्रभावकारी नीति निर्माण तथा परिपालनको निम्ति विभिन्न उपसमितिहरु गठन गरी आवश्यक अधिकारहरु समेत प्रत्यायोजन गरेको छ। उपरोक्त उपसमितिहरुले आफ्ना कामकारबाही सम्पादन गरी आफ्नो प्रतिवेदन सञ्चालक समितिलाई पेश गर्ने गर्दछन्। उक्त उपसमितिहरुले सक्रिय रही आन्तरिक नियन्त्रण प्रणालीका लागि महत्वपूर्ण योगदान दिने गरेकाले आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त र प्रभावकारी बनाइएको छ।

**५. अन्य :**

- **लेखापरीक्षक :**

  गत वर्षको वार्षिक साधारण सभाबाट नियुक्त गरिएका बाह्य लेखापरीक्षक जोशी एण्ड भण्डारी चार्टर्ड एकाउन्टेन्टसद्वारा आर्थिक वर्ष २०८०/८१ को संस्थाको लेखापरीक्षण सफलतापूर्वक सम्पन्न गर्नु भएकोमा धन्यवाद व्यक्त गदर्छौं। लेखापरीक्षण समितिको सिफारिसबमोजिम आ. व. २०८१/८२ का लागि लेखापरीक्षक नियुक्ति गर्न तथा निजको पारिश्रमिक तोक्न यस साधारण सभामा प्रस्ताव पेश गरिएको छ।

- **संस्थागत सुशासन :**

  संस्थागत सुशासन कायम हुन सकेमा मात्र संस्थाको दीगो विकास र प्रगति हुने तथ्य प्रति हामी कटिबद्ध छौं। संस्थागत सुशासनको सन्दर्भमा निम्न बुँदाहरु पेश गर्नु सान्दर्भिक ठानेका छौं।

(१) यस संस्थाका नियमावली, प्रबन्धपत्र तथा विनियमावलीहरुलाई समसामयिक बनाउन परिमार्जन गर्दै लगिएको छ।

(२) कार्यान्वयनस्तरको कार्यसम्पादन जनशक्ति तथा खर्चको हिसाबले गुणस्तरीय र दक्षतायुक्त बनाउन केन्द्रीय कार्यालयबाट अनुगमन अधिकृतहरु नियुक्त गरी नियमित अनुगमनको व्यवस्था मिलाइएको छ।

(३) नेपाल राष्ट्र बैंकको निर्देशनको कडाइका साथ पालना गर्ने गराउने व्यवस्था गरिएको छ।

(४) यस संस्थाभित्र लेखापरीक्षण, जोखिम व्यवस्थापन, कर्मचारी सेवा सुविधा र सम्पत्ति शुद्धिकरण अनुगमन आदि जस्ता सञ्चालक स्तरीय उप-समितिहरु गठन गरी कार्यसम्पादन हुने गरेको छ।

(५) कम्पनी कानुन र नेपाल राष्ट्र बैंकको नियमन र कानुनी प्रावधानहरुको अक्षरशः पालना गर्ने कुरामा सञ्चालक समितिको प्रतिबद्धता रही आएको छ र भविष्यमा पनि रहिरहने कुरामा विश्वास दिलाउन चाहन्छौं।

- **संस्थागत सामाजिक उत्तरदायित्व :**

  नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व शीर्षकमा गत वर्षसम्म व्यवस्था गरिएको रकम रु. १,६७६,८७५/- मध्ये चालु आर्थिक वर्षमा सम्बन्धित प्रयोजनमा रु. १,१३४,०८३/- खर्च भएकोले आ.व. २०८०/८१ को असारमसान्तमा उक्त कोषमा रु. ५४२,७९२/- रकम मौज्दात रहेको छ। उक्त कोषमा चालु आर्थिक वर्षको खुद नाफाको १ प्रतिशतले हुने रकम रु. १,४५७,१७६/- छुट्याउँदा यस शीर्षकमा बाँकी मौज्दात रकम रु. १,९९९,९६८/- रहेको छ।

- **ग्राहक संरक्षण :**

  नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम ग्राहक संरक्षण कोष शीर्षकमा गत वर्षसम्म व्यवस्था गरिएको रकम रु. ४५,०९३,०४८/- Earmark गरी लगानी गरिएको छ। सो लगानी बापतको ब्याज आम्दानी रकम रु. ४,७२२,९३७/- र आ.व. २०८०/८१ को असार मसान्तमा उक्त कोषबाट खर्च भएको रकम रु. ६,५२०,४००/- मिलान गर्दा रु. ४३,२९५,५८५/- मौज्दात रहेको छ। उक्त कोषमा चालु आर्थिक वर्षको खुद नाफाको १ प्रतिशतले हुने रकम रु. १,४५७,१७६/- छुट्याउँदा यस शीर्षकमा बाँकी मौज्दात रकम रु. ४४,७५२,७६१/- रहेको छ।

- **सूचनाको व्यवस्था :**

  संस्थाले सेयरधनीहरुसँग सूचना आदान प्रदान गर्ने कार्यलाई उच्च प्राथमिकता दिएको छ। वार्षिक साधारण सभामा सेयरधनी महानुभावहरुसँगको प्रत्यक्ष संवादको माध्यमबाट संस्थाले मार्ग निर्देशन प्राप्त गर्ने गरेको छ। संस्थाको वार्षिक प्रतिवेदन, त्रैमासिक प्रतिवेदन लगायत अन्य जानकारीहरु विभिन्न सञ्चार माध्यम, पत्रपत्रिका एवं संस्थाको वेब साइट www.meromicrofinance.com द्वारा उपलब्ध गराउने गरिएको छ। साथै सूचनाको हक सम्बन्धी ऐन, २०६४ दफा ५ को उपदफा ३ बमोजिमको विवरणहरु प्रत्येक त्रैमासको अन्त्यमा राष्ट्रिय दैनिक पत्रिकामार्फत सार्वजनिक गर्ने गरिएको छ।

**६. कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरणहरुलाई यस प्रतिवेदनको अंगको रुपमा अनुसूची “क” मा राखिएको छ ।**

**७. अपेक्षा तथा आभार :**

सर्वप्रथम यस संस्थालाई प्रगतितर्फ उन्मुख एवं गतिशील बनाउन पुऱ्याइरहेको योगदानको लागि प्रमुख नियमनकारी निकाय नेपाल राष्ट्र बैंकलाई सञ्चालक समितिको तर्फबाट कृतज्ञता ज्ञापन गर्न चाहन्छौं।

